## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

### केन्द्रीय कमिटीको तेस्रो बैठकमा प्रस्तुत

# राजनीतिक प्रतिवेदन




**माधवकुमार नेपाल**

अध्यक्ष

नेकपा (एकीकृत समाजवादी)



२०८२ कात्तिक १२

प्रिय कमरेडहरू,

केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठक सम्पन्न भएको आठ महिनापछि आज हामी केन्द्रीय कमिटीको यस तेस्रो पूर्ण बैठकमा उपस्थित भएका छौं। यस अवसरमा म सर्वप्रथम सम्पूर्ण कमरेडहरूलाई हार्दिक स्वागत अभिवादन गर्दछु, समस्त ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालगायत सबै अग्रज नेताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। यस बिचमा हाम्रो पार्टीका पोलिटब्युरो सदस्य कमरेड अशोक कोइराला र कमरेड विदुर सापकोटाको दुःखद निधन भएको छ। म सिङ्गो पार्टीको तर्फबाट उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

कमरेडहरू, यो बैठक हामीले भदौ ९ गते सुरु गर्ने गरी तय गरेका थियौं तर त्यसबेला तिज पर्ब परेकाले महिला कमरेडहरुको अनुरोधमा भदौ २५ बाट सुरु गर्ने गरी सारियो। जेन्जी आन्दोलनपश्चात् उत्पन्न असहज परिस्थितिले गर्दा बैठक फेरि सार्नुपर्‍यो र आज मात्र बैठक सुरु गर्दै छौं। यस बैठकमा हामीले वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको सामान्य विश्लेषण गर्नुको साथै केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकयता पार्टीले गरेका कामको बारेमा र अहिलेका चुनौति र हाम्रो दायित्व सम्बन्धमा छलफल गरी आवश्यक निर्णय लिनेछौं। त्यसैले म यस बैठकसमक्ष वर्तमान अन्तर्राष्ट्रिय र राष्ट्रिय परिस्थितिको सामान्य विश्लेषण, केन्द्रीय कमिटीको दोस्रो बैठकपछि पार्टीले गरेका साङ्गठनिक र आन्दोलनात्मक कामको सामान्य समीक्षा र अहिलेका चुनौति र हाम्रो दायित्व सम्बन्धी संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु।

## अन्तराष्ट्रिय परिस्थिति

हाम्रो पार्टीको केन्द्रीय कमिटीको दोस्रो बैठकपश्चात अन्तर्राष्ट्रिय जगतमा गम्भीर प्रकृतिका घटना घटिरहेका छन्। यी घटनाहरुले विश्व शक्ति सन्तुलनमा केहि हलचल पैदा गरेका छन्। साम्राज्यवाद र वित्तीय एकाधिकार पुँजीवाद क्रमिक रुपमा गहिरो संकटतर्फ भासिदै गएको छ। समाजवादी मुलुकहरु, समाजवादतर्फ अग्रसर राज्यहरु तथा समाजवादी आन्दोलनले अग्रगति लिइरहेको छ। बिभिन्न मुलुकका श्रमजीवी जनताले साम्राज्यवाद तथा एकाधिकार वित्तीय पुंजीपति बर्गका विरुद्ध ठुलाठुला आन्दोलन सञ्चालन गरेका छन्। उत्तरी भूमण्डल (Global North) का मुलुकहरुसँग दक्षिणी भूमण्डल (Global South) का मुलुकहरुको अन्तरविरोध पनि नयाँ उचाइमा पुगेको छ। साम्राज्यवाद र उपनिवेशवादका विरुद्ध स्वतन्त्र

राष्ट्रहरु खासगरी अफ्रिकी मुलुकहरु आपसी सहयोगको वृद्धि गर्दै अगाडि बढ्न प्रयन्त गर्दैछन्।

अमेरिकामा राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि उनले जारी गरेका थुप्रै कार्यकारी आदेशहरूले विश्व राजनीतिमा गम्भीर असर पुऱ्याएको देखिन्छ । उनले अमेरिकाको हितरक्षा गर्ने बहानामा विश्व स्वास्थ्य सङ्गठन (WHO), पेरिस सम्झौता (Paris Agreement) र अमेरिकी आर्थिक सहयोग (USAID) लाई रोक्का गर्ने आदेश जारी गरेका छन्। उनले अमेरिकी सैनिक खर्च बढाउने,आणविक हतियार वृद्धि गर्ने, रणनीतिक प्रभाव क्षेत्र विस्तार गर्ने र मिसाइल प्रतिरक्षा प्रणाली सुदृढ गर्ने प्रतिवद्धता जाहेर गरेका छन्। अमेरिकी प्रभुत्वलाई विस्तार गर्न ग्रिनल्यान्डलाई अमेरिकामा गाभ्ने र क्यानाडालाई ५१ औ राज्य बनाउने सोँचसमेत अघि सारेका छन्। उनका यस्ता निर्णयका विरुद्ध विश्वव्यापी रूपमा कडा प्रतिक्रिया व्यक्त भएको छ। उनले अमेरिकाभित्रै पनि घोर दक्षिणपन्थी विचारलाई अँगाल्दै कानुनी कागजात नभएका आप्रवासीलाई निष्कासन गर्ने, प्यालेस्टाइनलाई समर्थन गर्नेमाथि दमन गर्ने, जातिवादलाई प्रश्रय दिने, ठुला पुँजीपति बर्गको इसारामा राज्यसत्ता सञ्चालन गर्ने, विविधता र समावेशीताको नीति परित्याग गर्ने, सरकारी कामदारलाई जिम्मेवारीबाट हटाउने जस्ता नीति अवलम्बन गरेकाछन्। अमेरिकी स्वार्थ रक्षाको नाममा संरक्षणवादी नीति अँगाल्दै भन्सार दर बढाएर विभिन्न मुलुकहरूलाई दवाव दिने कार्य गर्न थालेका छन्। ट्रम्पको दक्षिणपन्थी नीतिका विरुद्ध अमेरिकालगाउत अन्तर्राष्ट्रिय जगतमा 'राजा चाहिदैन' (No King) भन्ने नाराका साथ ठूल्ठूला जनप्रदर्शन भएका छन्। आर्थिक रूपमा पछि पर्दै गएको अमेरिकी साम्राज्यवाद गम्भीर सङ्कटतर्फ धकेलिन सक्ने देखिन्छ।

मध्यपूर्वमा पश्चिमी राष्ट्रहरुको आडमा आफ्नो शक्ति विस्तार गर्दै गएको इजरायलले अमेरिकी रणनीतिलाई पछ्याउँदै इरानको आणविक तथा सैनिक क्षेत्रमा व्यापक आक्रमण गऱ्यो। त्यसको प्रतिउत्तरमा इरानले इजरायलको IRON DOME क्षेप्यास्त्र प्रणालीलाई समेत निस्तेज पार्दै इजरायलमाथि जवाफी आक्रमण गऱ्यो । इरानको प्रतिआक्रमणबाट इजरायल रणनीतिक रुपमा केहि रक्षात्मक हुन पुगेको देखिए पनि मध्यपूर्वमा स्थायी शान्तिको सङ्केत देखिएको छैन। हालै इजरायलले यमनमा समेत भिषण आक्रमण गरेको छ। गाजा क्षेत्रमा इजरायलले गरेको आक्रमणमा परी ६५ हजारभन्दा बढी प्यालेस्टिनीहरु मारिएका छन्। लाखौं व्यक्ति घाइते तथा अपाङ्ग भएका छन् भने लाखौं परिबार घरबारविहिन भएका छन्। ९० प्रतिशतभन्दा बढी भौतिक संरचना ध्यस्त भएका छन्। मानवता विरुद्धको यस अपराधको विश्वव्यापी रुपमा निन्दा र भर्त्सना भएको थियो। हालै ट्रम्पको मध्यस्थतामा इजरायल र हमासबिच युद्धविराम भएको छ। दुबै पक्षका बन्दी र मृतक बन्दीका सव आदान



प्रदान गरिएको छ। यसै क्रममा हाम्रो देशका विपिन जोशीको सव पनि देशमा ल्याएर राजकीय सम्मानका साथ अन्त्येष्टी गरिएको छ। गाजा क्षेत्रमा मानवीय सहायता र राहत सामग्री पुग्न थालेको छ। तथापी इजरायलको विस्तारवादी नीति र पश्चिमा शक्तिको समर्थनले गर्दा मध्यपूर्वमा दीर्घकालीन शान्ति कायम हुन सकेको छैन। तर इजरायलका प्रधानमन्त्री नेतन्याहुले गाजामा युद्धविराम गरे पनि पश्चिम बैंक (west Bank ) मा आक्रमण गर्ने र त्यसलाई इजरायलको नियन्त्रणमा ल्याउने निर्णय गरेका छन्। संयुक्त राष्ट्र सङ्घको प्रस्ताव अनुसार दुबै राष्ट्रको स्वतन्त्र अस्तित्व कायम गरेर मात्रै बर्तमान संकटको दीर्घकालीन समाधान गर्न सकिन्छ।

उक्रेन-रुस युद्ध अन्त्य भएको छैन। डोनाल्ड ट्रम्पले आफु अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएपछि तुरुन्तै युद्धविराम गराउने घोषणा गरेका थिए। तर, अहिले उनी युक्रेनलाई दबाबमा राखेर युक्रेन र रुसबिच शान्ति सम्झौता गराउन चाहन्छन्। त्यसका लागि उनले रुसलाई केही सहुलियत दिन र युक्रेनको दुर्लभ खनिज पदार्थ कब्जा गर्न खोजेका छन्। यस रणनीतिबाट उनले रुस र चीनबिच बढ्दै गएको आपसी सम्बन्धलाई पनि कम्जोर बनाउने चाहना राखेको देखिन्छ। विगत केही बर्षमा विश्वका विभिन्न मुलुकमा श्रमजीवी बर्गको हक-हित, लोकतन्त्रको रक्षा, न्याय र समानताको पक्षमा ठुल्ठुला आन्दोलन भएका छन्। फ्रान्समा हवाई सेवाका श्रमिक, स्वेडनमा टेस्ला मोटर कम्पनीका मजदुर, बेलायतमा चिकित्सा क्षेत्रका पेशाकर्मी र खाद्यबस्तु उत्पादन तथा वितरण गर्ने कामदार आदि बर्ग तथा समुदायले उठाएका आन्दोलनले एकाधिकार पुँजीपति बर्गको हैकममाथि निकै ठुलो धक्का पुऱ्याएको छ। त्यसैगरी सन् २०२५ को सुरुवातमा बेल्जियममा भएको मजदुर आन्दोलन र सर्बियामा भएको भ्रस्टाचार विरोधी आन्दोलनले युरोपलाई नै हल्लाएको छ। ल्याटिन अमेरिकाका, क्युवा, भेनेजुयला, मेक्सिको, ब्राजिल, चिली, पेरु, होन्डुरस र निकारागुवामा बामपन्थीहरूको नेतृत्वमा सरकार गठन भएका छन्। अमेरिकाको ठाडो हस्तक्षप, नाकावन्दी र दवाबका बावजुद यी मुलुकहरू समाजवादको बाटोमा अघि बढिरहेका छन्। हालै बोलिभियामा भएको निर्वाचनमा अमेरिकी पक्षधर दक्षिण पन्थी पार्टीले बहुमत प्राप्त गरेको छ।

युरोपेली उपनिवेशवादको चपेटामा परेका अधिकांश अफ्रिकी मुलुकहरू अहिले पनि स्वतन्त्रता र सार्वभौमिकताको रक्षाका लागि लडिरहेका छन्। पश्चिमी पुँजीवादी शक्तिहरू सस्तो मानवीय श्रम र अपार प्राकृतिक श्रोतमाथि ब्रम्हलुट मच्चाउन लागिपरेका छन्। नाइजेरिया, घाना, अल्जेरिया, जिम्वावे आदि मुलुकमा अन्तराष्ट्रिय मुद्रा कोष (IMF), विश्व बैंक (World Bank) तथा एकाधिकारी निगमहरुले व्यापक रुपमा स्रोत, साधन र श्रममाथि शोषण गरिरहेका छन्। कैयन अफ्रिकी मुलुक जलवायु परिवर्तनको चपेटामा परेका

छन् । नवउपनिवेशवादी हर्कतहरूको विरुद्धमा एकजुट हुन २०२४ को नोभेम्बर महिनामा नाइजेरियामा Shahel राष्ट्रहरुको एउटा बृहत ऐतिहासिक सम्मेलन सम्पन्न भएको छ । त्यस अलावा आफ्नो साझा हित र प्रतिरक्षाको लागि अफ्रिकी मुलुकहरूले Pan African Movement र Africa Rising लाई अगाडि बढाउने अठोट व्यक्त गरिरहेका छन् ।

समाजवादी चीनले हासिल गरेको उपलब्धी र त्यसले विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय सम्बन्ध र सुरक्षामा खेलेको भूमिकाले गर्दा अमेरिकालगायत पश्चिमी मुलुकहरू स्तब्ध भएका छन् । चीनलाई निरन्तर दवाबमा राख्ने रणनीतिका बाबजुद चीनले गतवर्ष ५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेको छ । चीनले Belt and Road Initiative (BRI), Global Development Initiative (GDI), Global Civilization Initiative (GCI) र Global Security Initiative (GSI) मा लगानी बढाउने र पश्चिमा प्रभुत्वलाई कमजोर बनाउने नीति लिएको छ । यसैबिच चीनले Artifical Intelligence (AI) मा गरेको अभूतपूर्व विकासले अमेरिकी प्राविधिक महारथी र अमेरिकी सरकार स्तब्ध बनेका छन् । यसले पुँजीवादको विज्ञान र प्रविधिमा रहेको प्रभूत्वलाई विस्थापन गरिदिएको छ ।

दक्षिण एसियाका मुलुकहरूमध्ये श्रीलंकामा वामपन्थी सरकार गठन भएको छ । राष्ट्रपति अनुरा कुमार दिसानायकको नेतृत्वमा गठन भएको सरकारले अन्तराष्ट्रिय मुद्रा कोष (IMF), विश्व बैंक (World Bank) लगायत पश्चिमा मुलुकको दवाबमा अवलम्बन गरिएको उदारवादी आर्थिक नीतिले उब्जाएको सङ्कटलाई चिर्दै अगाडि बढ्ने प्रयत्न गरिरहेको छ । तर त्यो काम अत्यन्त चुनौतीपूर्ण पनि रहेको छ । उता बंगलादेशमा विद्यार्थी आन्दोलनबाट सुरु भएको राष्ट्रव्यापी आन्दोलनको दबावमा परी प्रधानमन्त्री शेख हसिना वाजेद देश छाडेर भारतमा शरण लिन पुगेकी छन् र त्यहाँ अस्थायी सरकार बनेको छ । पश्चिमा शक्ति मूलतः अमेरिकाले त्यहाँको राज्य शक्तिलाई आफ्नो पक्षमा ल्याउन प्रयत्न गरिरहेको छ । अहिले त्यहाँ राजनीतिक गतिविधि र वाक तथा प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाइएको छ । अल्पसंख्यक समुदाय र श्रमजीवी जनतामाथि राज्य आतङ्क फैलाइएको छ । उपर्युक्त घटनाबाट बंगलादेशको लोकतन्त्रमाथि गम्भीर सङ्कट पैदा भएको देखिन्छ । यस्तो विषम परिस्थितिका विच बंगलादेशमा आगामी फेब्रुअरी महिनामा आम निर्वाचन गर्ने घोषणा गरिएको छ । ट्रम्प राष्ट्रपति भएपछि अमेरिकासँगको सम्बन्ध सुधार गर्ने अपेक्षा राखेर अमेरिका पुगेका मोदीले ट्रम्पसँग सुरक्षा, सञ्चार, ऊर्जा, व्यापारलगायत विषयमा गम्भीर प्रकृतिका समझदारी गरेका थिए । India-Middle East-Europe Economic Corridore (IMEC), Indian Ocean Strategic Venture,12U2 Group, Transforming the Relationship Utilizing Strategic Technology (TRUST), Framework Agreement of



India, U.S. Defence र Realizing fifth generation fighter Jets जस्ता विषयमा सहकार्य र सहयोग गर्ने समझदारी पनि भएको थियो । तर यसैबिच रुससँग हतियार र खनिज इन्धन खरिद गरेको निहुमा भारतबाट अमेरिका आयात हुने बस्तुहरुमा अमेरिकाले ५० प्रतिशत भन्सार दस्तुर लगाएको छ । रुसी साझेदारी र प्रभाववाट भारतलाई अलग गराउन दवावस्वरूप अपनाइएको यस प्रकारको नीतिलाई भारतले ठाडै अस्वीकार गरेको छ । भारतले पनि अमेरिकासँग खरिद गर्ने भनिएको हतियारको खरिद प्रक्रिया खारेज गरेको छ । साथै चीनसँगको व्यापारिक सम्बन्धलाई समेत जोड दिन थालेको छ ।

भारतले चीनसँग सम्बन्ध सुधार गर्न प्रयत्न गरेको देखिएता पनि उसको पाकिस्तान लगायत केहि छिमेकी मुलुकसँग सम्बन्ध राम्रो देखिएको छैन । गत २२ अप्रिलका दिन पहलगाममा नेपाली तीर्थयात्री लगायत २६ जना तीर्थयात्री मारिएको आतङ्ककारी आक्रमण पश्चात् भारतले २० मेमा अपरेसन सिन्दुर नामको सैनिक कारवाही सञ्चालन गरेको थियो । आतङ्ककारीका ठेगाना ध्वस्त पार्ने नाममा भारतले सीमा क्षेत्रका पाकिस्तानी भूभागमा फ्रान्समा निर्मित राफेल फाइटर जेट प्रयोग गरी हवाई आक्रमण गरेको थियो । त्यसको प्रत्युत्तरमा पाकिस्तानले J 10 फाइटर जेट मार्फत प्रत्याक्रमण गरेको थियो । उक्त घटनाले गंभिर मोड लिन थालेपछि शक्ति राष्ट्रहरुले दवाव दिएर दुवै मुलुकलाई युद्ध विराम गर्न बाध्य पारे ।

हालै भारत र चीनले हाम्रो लिपुलेक क्षेत्रबाट द्विपक्षीय व्यापार गर्ने सम्झौता गरेका छन् । पुराना नक्सा, त्यस क्षेत्रका जनताले नेपालको मालपोत कार्यालयमा मालपोत तिरेका रसिद, नेपालको पहिलो जनगणना हुँदा त्यस क्षेत्रमा बस्ने जनताको जनगणना भएको, २०१५ सालको निर्वाचनमा त्यस क्षेत्रका जनताले मतदान गरेका आदि प्रमाणले लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको हो भन्ने प्रष्ट हुँदाहुँदै त्यस क्षेत्रमा भारतको नियन्त्रण रहनु र अहिले नेपाललाई थाहा नदिई भारत र चीनले त्यस क्षेत्रबाट द्विपक्षीय व्यापार गर्ने सम्झौता गर्नु नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप हो । यस प्रकारको हस्तक्षेपप्रति हाम्रो गम्भीर आपत्ति छ । कुटनीतिक माध्यमबाट यस समस्याको समाधान गर्नु पर्दछ र त्यस क्षेत्रलाई भारतको नियन्त्रणबाट मुक्त गर्नुपर्दछ हाम्रो जोडदार माग रहेको छ ।

**प्रिय कमरेडहरू,**

अहिले विश्व बहुध्रुवीय दिशातर्फ अघि बढिरहेको छ । यसले नयाँ विश्व परिस्थिति निर्माण गर्नेछ । आर्थिक रूपमा दक्षिण भूमण्डल (Global South) का मुलुकहरू उत्पादन, बजार र वित्तीय व्यवस्थापनको क्षेत्रमा दिन प्रतिदिन अग्रगति प्राप्त गर्दै गैरहेका छन् भने अमेरिकी

नेतृत्वमा रहेका विकसित राष्ट्रहरूको उत्तर भूमण्डल (Global North) विस्तारै ओरालोतिर जादैछ। पुँजीवादभित्रको सङ्कटले उत्तरी भुमण्डलका मुलुकहरू आर्थिक गतिविधिमा खुम्चिदै गएका छन्। त्यसमाथि BRICS नामक आर्थिक मोर्चामा अर्जेन्टिना, इजिप्ट, इथोपिया, इरान, साउदीअरेविया र युनाइटेड अरब इमिरेट्स समेत थपिएपछि यसले भौतिक संरचनाको विकास, परिवहन, सञ्चारजडित सम्बन्ध, बस्तु उत्पादन र बजार विस्तारमा मात्रै होइन वैकल्पिक वित्तीय व्यवस्थापन र विनिमय प्रणालीलाई पनि स्थापित गर्न प्रयत्न गर्नेछ। वैकल्पिक अन्तराष्ट्रिय सम्बन्धहरु स्थापना गर्ने क्रममा ३० मे २०२५ का दिन हङ्कङमा Internatinal Organization For Mediation (IOMed) को स्थापना भएको छ। यसमा हालसम्म ३३ रास्ट्र सदस्य बनिसकेका छन्। दक्षिणी भूमण्डल (Global South) लाई Bolivarian Alliance for The Peoples of Our America (ALBA), Community of Latin American and Caribean States (CELAC), Digital Silk Road जस्ता अन्तराष्ट्रिय फोरमहरूले पनि सहयोग पुऱ्याइरहेका छन्।

दक्षिण भूमण्डल (Global South) ⊠⊠ पारस्परिक सहयोग अभिवृद्धि गर्ने क्रममा २०२५ अगष्ट ३१ देखि सेप्टेम्बर १ सम्म चीनको जियासनिन सहरमा साङ्घाइ सहयोग सङ्गठन (Shanghai Co-operation Organization) को शिखर सम्मेलन सम्पन्न भएको छ। अमेरिकाले तेस्रो मुलुकलाई दबाव दिन भन्सार दर बढाइरहेको अवस्थामा आयोजना गरिएको उक्त शिखर सम्मेलनमा चीन, रुस, भारत, भियतनाम, इण्डोनेसिया, इरान, टर्की, लाओस, कम्बोडिया, नेपाल लगायत २० राष्ट्र र संयुक्त राष्ट्र सङ्घलगायत १० अन्तराष्ट्रिय सङ्घ सङ्गठनहरु सहभागी भएका थिए। उक्त शिखर सम्मेलनले दक्षिण भूमण्डल (Global South) का साझा मुद्दाहरूको बारेमा छलफल गर्नुका साथै हरित ऊर्जा, वित्त र आर्थिक क्षेत्रमा सहयोग वृद्धि गर्ने महत्वपूर्ण घोषणा गरिएको थियो। उक्त अवसरमा नयाँ अन्तर्राष्ट्रिय बैंक स्थापना गर्ने घोषणा पनि गरिएको थियो। यसरी पारस्परिक सहयोगको संस्थागत प्रयत्न गर्नुले उत्तरी भूमण्डल (Global North) को प्रभूत्व र बर्चस्वलाई कमजोर बनाउँदै लानेछ।

अमेरिकाले हिन्द प्रशान्त रणनीति अवलम्बन गरेदेखि यता हिन्द प्रशान्त क्षेत्र द्वन्द्वको केन्द्र बन्दै गइरहेको छ। यस क्षेत्रका विभिन्न मुलुकहरुमा प्रत्यायोजित विद्रोह गराइएको छ। उदीयमान दुई शक्ति राष्ट्र चीन र भारतबिच अवस्थित विशिष्ट भूराजनीतिक अवस्थामा रहेको नेपाल शक्ति राष्ट्रहरुको क्रिडास्थल बन्न सक्ने खतरा बढ्दै गएको छ।



**वर्तमान राष्ट्रिय परिस्थिति**

अहिलेको हाम्रो राष्ट्रिय परिस्थिति अनिश्चय र अन्योलको गोलचक्करमा छ। मुलुकको आर्थिक अवस्था झनपछि झन बिग्रिदै गएको छ। मुलुकमा अन्योल र अनिश्चयको अवस्था विद्यमान छ। यस मुलुकलाई विकास र प्रगतिको मार्गमा अगाडि बढाउन सकिन्छ भनेर आशा जगाउने काम हुन सकेको छैन। हाम्रो राष्ट्रियतामाथिको हस्तक्षेप बढेको छ।

हाम्रो राष्ट्रिय अर्थतन्त्र धराशयी हुँदै गइरहेको छ। परनिर्भरता अत्याधिक रूपमा बढेर गएको छ। राष्ट्रिय उत्पादनले उपभोग्य बस्तुको आपूर्ति गर्न नसकेको हुनाले अधिकांश उपभोग्य बस्तुहरू आयात हुने गरेका छन्। आर्थिक वर्ष २०८१/८२ मा रु १८०४ अर्ब बराबरको बस्तुहरू आयात भए। उक्त अवधिमा मुलुकबाट केवल रु २७७ अर्ब बराबर मूल्यका मात्र बस्तु निर्यात भएका छन्। यस हिसाबले उक्त अवधिमा रु १५२७ अर्ब बराबरको व्यापार घाटा भएको छ। गत वर्ष निर्यातमा ठुलो वृद्धि भयो भनिएको छ तर निर्यात भएका वस्तुहरूमध्ये आधाभन्दा बढी हिस्सा अर्ध-प्रसोधित माल बस्तु मुलुकभित्र ल्याएर रिप्याकेजिङ गरी निर्यात गरिएका भटमासको तेल, पोलिस्टर धागोजस्ता बस्तुहरू छन्। मुलुकभित्र उत्पादन भएका कच्चा बस्तुहरू आधारित उद्योग तथा व्यापारले अर्थतन्त्रमा गतिलो हैसियत प्रदान गर्न सकेको छैन।

मुलुकको अर्थतन्त्र रेमिटेन्समा आधारित भएको छ। रोजगारी, वस्तु आयात र उपभोगको लागि मात्रै होइन राज्यको राजश्व र वित्तीय प्रणालीमा समेत यसले गहिरो गरी पकड जमाएको छ। गत वर्ष कुल रेमिटेन्स रु १७२३ अर्ब बराबरको मुलुकभित्र आएको थियो। कुल ग्राहस्थ उत्पादनको अनुपातमा रेमिटेन्स २५ प्रतिशतभन्दा बढी रहेको छ। कुल ग्राहस्थ उत्पादनमा कुल उपभोगको अंश उच्च रहेको छ। गत वर्ष यो हिस्सा ९३.४५ प्रतिशत रहेको थियो। गत एक वर्षभित्र वैदेशिक रोजगारीमा जाने श्रमिकहरूमध्ये ५,०५,९५७ जनाले नयाँ र ३,३३,३०९ जनाले पुन श्रम स्वीकृति लिएका थिए। नेपाली युवा वैदेशिक रोजगारीमा जानेक्रम निरन्तर बढ्ने क्रममा छ। यसले जनसाङ्ख्यिक सन्तुलन, श्रमको आपूर्ति सङ्ख्या र उत्पादन प्रणालीमा नै गम्भीर असर पुऱ्याउने देखिन्छ। बजेट र सरकारी नीतिहरू उत्पादन र रोजगारमुखी छैनन्। सुशासन र सार्वजनिक सेवाहरू कमजोर बन्दै गइरहेका छन्।

संविधान संशोधन, आर्थिक सुधार, लगानी अभिवृद्धि र रोजगारी सिर्जना गर्ने

लगायतका सात बुँदे सहमति गरी आजभन्दा करिव चौध महिना पहिले गठन गरिएको एमाले-कांग्रेस गठबन्धन सरकारले उक्त सात बुँदे सहमतिमा भनिएको कुनै पनि काम गर्न सकेन। आर्थिक, सामाजिक, राजनीतिक कुनै पनि क्षेत्रमा केही पनि काम भएन। संविधान संशोधन, आर्थिक सुधार, लगानी अभिवृद्धि र रोजगारी सिर्जना यी सब कुरा नारामै सीमित भए। आर्थिक सुधार, लगानी अभिवृद्धि र रोजगारी सिर्जना गर्ने भन्ने गफ मात्र भयो। सेवा प्रवाह, सुशासन र विकास फगत नारा मात्रै भयो। मन्त्रीहरू नै भ्रष्टाचारमा मुछिए। उक्त सात बुँदे सहमतिका आधारमा "न्यूनतम साझा कार्यक्रम" बनाएर काम गर्ने भनेकोमा उक्त "न्यूनतम साझा कार्यक्रम" सार्वजनिक नै गरिएन।

मुलुकमा जुन उचाइको राजनीतिक परिवर्तन भएको थियो, सोही अनुसारको परिवर्तन आर्थिक सामाजिक क्षेत्रमा हुन नसकेकोले जनतामा निराशा उत्पन्न भइरहेको अवस्थामा एमाले कांग्रेस गठबन्धन सरकारका जनविरोधी कृयाकलापले जन असन्तुष्टिको आगोमा घ्यु थप्ने काम गऱ्यो। यही परिस्थितिबिच धमिलो पानीमा माछा मार्ने भने जसरी सामन्ती व्यवस्थाका हिमायती तत्वहरू २०८१ चैत १५ मा प्रतिगमनकारी हर्कत गर्न उद्धत भए। जनताको सङ्घर्ष र अभिमतबाट उखेलेर फ्याकिएको सामन्ती राजतन्त्र व्युताउन चाहने यी प्रतिगामी तत्वहरू "राजसंस्था र हिन्दु राष्ट्रको पुनःस्थापना" भन्ने कथित नारा लगाउदै जन सङ्घर्ष र अभिमतबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विरुद्ध सडकमा निस्किए। उनीहरू आगजनी, तोडफोड र हत्या हिंसामा नै उत्रिए। उनीहरूले व्यक्तिका निजी घर, विभिन्न सञ्चारगृह, जडीबुटी उद्योग र हाम्रो पार्टी कार्यालयमा समेत तोडफोड र आगजनी गरे। तत्कालीन सरकार मुकदर्शक बनिरह्यो। प्राप्त उपलब्धिको रक्षा गर्दै समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्ने उद्देश्यले गठन भएको समाजवादी मोर्चा उक्त प्रतिगमनकारी हर्कतको प्रतिवादमा उत्रियो। प्रतिगामी तत्वहरूले कोटेस्वर तीनकुनेमा ध्वंसात्मक र हिंसात्मक हर्कत गरिरहेकै दिन २०८१ चैत १५ मा समाजवादी मोर्चाले भृकुटी मण्डपमा शान्त र सौम्य ढङ्गले सानदार जन प्रदर्शन गरी नेपाली जनता आफुले लडेर ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा दृढ छन् र त्यसको रक्षा गर्न प्रतिबद्ध पनि छन् भन्ने सन्देश प्रवाह गऱ्यो। फलस्वरूप प्रतिगामी तत्वहरू पछि हट्न बाध्य भएका थिए। तर, २०८२ भदौ २४ मा आएर पुनः उस्तै प्रकारले तोडफोड, आगजनी र लुटपाट गरियो। चैत १५ को भन्दा पनि धेरै ठूलो विध्वंस मच्चाइयो।



**पार्टीको सङ्गठनात्मक कार्य**

दशौं राष्ट्रिय महाधिवेशनपछि पार्टीको साङ्गठनिक काम जुन तीब्र गतिले अगाडि बढ्ला भन्ने अपेक्षा गरिएको थियो त्यस अनुसार नभएको भएता पनि कामै नभएको भने होइन। महाधिवेशनपछि आठओटा प्रदेश अधिवेशन भएका छन्। कर्णाली, सम्पर्क, उपत्यका, गण्डकी र वाग्मति प्रदेश अधिवेशन केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकभन्दा अगाडि नै भएका थिए। दोस्रो बैठकपश्चात् कोशी, लुम्बिनी र सुदुर पश्चिम प्रदेश अधिवेशन सम्पन्न भएका छन्। यसैबिच विभिन्न मितिमा जिल्ला अधिवेशनहरू पनि भएका छन्। केन्द्रीय सङ्गठन विभागमा प्राप्त अभिलेख अनुसार भूगोलका ७६, उपत्यका प्रदेश अन्तर्गतका ५ र प्रदेश सम्पर्क कमिटी ७ गरी जम्मा ८८ जिल्ला कमिटी रहेकोमा अहिलेसम्म भूगोलका ४०, उपत्यका प्रदेश अन्तर्गतका ५ र प्रदेश सम्पर्क ४ गरी जम्मा ४९ जिल्ला अधिवेशन भएका छन्। त्यसैगरी ६८ पालिका अधिवेशन सम्पन्न भएका छन्। अखिल नेपाल महिला सङ्घ (समाजवादी), जनजाति महासङ्घ (समाजवादी) लगायतका पार्टी सम्बद्ध जन सङ्गठनका राष्ट्रिय महाधिवेशन/अधिवेशन पनि सम्पन्न भएका छन्। प्रदेश तथा जिल्ला र पालिका अधिवेशन सम्बन्धी तथ्यगत विवरण अनुसूची- १ मा दिइएको छ।

**पार्टीद्वारा सञ्चालित आन्दोलनको सामान्य समीक्षा :**

दशौं राष्ट्रिय महाधिवेशनपश्चात् केन्द्रीय कमिटीले पूर्णता प्राप्त गरेपछि २०८१ भाद्र ९-१३ मा सम्पन्न केन्द्रीय कमिटीको प्रथम पूर्ण बैठकबाट नै पार्टीले समाजमा व्याप्त बेरोजगारी, कुशासन लगायतका जल्दा बल्दा समस्यालाई लिएर आन्दोलन उठाउनु पर्ने अवधारणा अगाडि सारेको थियो। २०८१ फागुन ८-१० मा सम्पन्न केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकले "आन्दोलनको माध्यमबाट पार्टी निर्माण गर्ने" प्रस्ताव पारित गरेको थियो र महासचिव कमरेड घनश्याम भुसालको संयोजकत्वमा आन्दोलन संयोजन समिति गठन गरेको थियो। तत्पश्चात् विभिन्न चरणमा छलफल गरी 'सुशासन र रोजगारी, समाजवादको तयारी' भन्ने मूल नाराका साथ आन्दोलन गर्ने तय गरिएको थियो र २०८१ चैत्र १ गते कार्की बैंक्वेट, बबरमहलमा बृहत पत्रकार सम्मेलन गरी पहिलो चरणको आन्दोलन घोषणा गरिएको थियो। आन्दोलन गर्ने निर्णय भएपछि विभिन्न कमिटीका भौतिक तथा भर्चुअल बैठक गरी निर्णयको जानकारी दिने र सुझाव लिने काम गरिएको थियो। आन्दोलन उठाउने निर्णयले पार्टी पङ्क्तिमा उत्साह पैदा भएको थियो।

आन्दोलनको तयारी गर्ने क्रममा सम्बन्धित प्रदेश, जिल्ला, पालिकामा बहुसङ्ख्यक जनताले भोगीरहेका मुख्य समस्याहरू सङ्कलन गर्ने, विभिन्न विषयका विज्ञहरू, सम्पादकहरू र पत्रकारहरूसँग आन्दोलनको बारेमा जानकारी दिने र सम्बन्धित विषयमा सुझाव लिने काम गरिएको थियो । हाम्रो पार्टीले त्यसरी आन्दोलन उठाउने तयारी गरिरहेको बेला समाजवादी मोर्चा नेपालले सामन्ती राजतन्त्र व्युताउन चाहने प्रतिगामी हर्कतका विरुद्ध २०८१ चैत्र १५ मा बृहत जन प्रदर्शन तथा जनसभा गर्ने निर्णय गरेको हुँदा उक्त कार्यक्रमको तयारी र पार्टीले गर्नथालेको आन्दोलनको तयारीलाई सँगसँगै अगाडि बढाइयो । पार्टीको बागमती प्रदेश कमिटी, उपत्यका विशेष प्रदेश कमिटी, सङ्घीय सम्पर्क कमिटी तथा काठमाडौं उपत्यका र वरिपरिका जिल्ला कमिटीहरू त्यस कार्यमा बढी केन्द्रित भएर लागेका थिए । समाजवादी मोर्चा नेपालद्वारा आयोजित जनप्रदर्शन र जनसभा भव्य रूपमा सम्पन्न भयो । त्यसपछि आन्दोलनको प्रथम चरणको कार्यतालिका पुन : संयोजन गरियो । पहिलो चरणको कार्यक्रममा संघीय सरकार, प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालय तथा पालिका र वडा कार्यालयहरूमा पार्टीको तर्फबाट मागपत्र बुझाउने कार्यक्रम तय गरिएको थियो ।
पहिलो चरणको कार्यक्रम अन्तर्गत पार्टी अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री कमरेड माधवकुमार नेपालको नेतृत्वमा पार्टीको प्रतिनिधि मण्डलले तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई मागपत्र बुझाएको थियो भने हरेक प्रदेशमा प्रदेश इन्चार्ज कमरेडको नेतृत्वमा जुलुशसहित प्रतिनिधि मण्डल गई प्रदेश कमिटीको तर्फबाट प्रदेशका मुख्य मन्त्रीलाई मागपत्र बुझाइएको थियो । त्यसैगरी पार्टीका जिल्ला कमिटीहरूले जिल्ला प्रशासन कार्यालयमा, पालिका कमिटीहरूले पालिका कार्यालयमा र वडा कमिटीहरूले वडा कार्यालायमा जुलुससहित गएर मागपत्र पेस गरेका थिए । प्रदेश, जिल्ला, पालिका र वडा कमिटीहरूले बुझाएका माग पत्रमा केन्द्रबाट निर्धारित विषयका अतिरिक्त आआफ्नो तहका स्थानीय मागहरू पनि समावेश गरिएका थिए । माग पत्रमा राखिएका माग पुरा गराउन स्मरणपत्र दिने र धर्ना बस्ने कार्यहरू समेत गरिएको थियो ।

पहिलो चरणका कार्यक्रम सकिएपछि दोस्रो चरणको आन्दोलनका लागि केन्द्रीय कार्यालयले केन्द्रीय कमिटी सदस्यहरू तथा प्रदेश कमिटी र जिल्ला कमिटीका पदाधिकारीको भर्चुअल बैठक गर्ने, हाम्रो आन्दोलन र मागसम्बन्धी सामग्रीहरू सामाजिक सञ्जालमा पोष्ट गर्ने, मागपत्र बुझाउन बाकी रहेका र संभव हुने पालिकाहरूमा मागपत्र बुझाउने, मागपत्र बुझाइएका प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, पालिका कार्यालय र वडा कार्यलयहरूमा स्मरणपत्र बुझाउने, प्रदेश कमिटीले अन्य



पार्टीका नेताहरू र बुद्धिजिवीहरूलाई समेत सहभागी गराई विचार गोष्ठीको आयोजना गरेर हाम्रो आन्दोलन र आन्दोलनका मागहरूको महत्वमाथि विचार विमर्स गर्ने, हाम्रा माग पुरा गराउन माग गर्दै मुख्यमन्त्री कार्यालय, जिल्ला प्रशासन कार्यालय र पालिका कार्यालयहरूमा प्लेकार्डसहित दुई घन्टा धर्ना दिने, धर्नाको आरम्भ र अन्त्यमा कोणसभा गर्ने, जिल्ला कमिटीको आयोजनामा जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवश सम्बन्धी गोष्ठी गर्ने, जिल्लाका मुख्य ठाउँहरूमा कोणसभाहरूको आयोजना गर्ने, पालिकाका मुख्य बजार तथा शहरका चोकहरूमा पर्चा वितरण गर्ने, पालिका कमिटीहरूको आयोजनामा वडा भेलाहरू गरी हाम्रा माग र आन्दोलनको महत्वका बारेमा चर्चा गर्ने, बजेट पेश भएपछि संघीय संसद, प्रदेशसभा र पालिका परिषद्मा बजेटमाथि छलफल हुँदा हाम्रा मागहरूका आधारमा कुरा राख्ने र पत्रकार सम्मेलन गरी यस आन्दोलनमा भए गरेका कार्यक्रमबारे जानकारी गराउनेलगायतका कार्यक्रम तय गरी कार्यतालिका निर्धारित गरिएको थियो ।

दोस्रो चरणमा प्रदेश सरकार र जिल्ला प्रशासनमा स्मरणपत्र बुझाउने र धर्ना दिने तथा जिल्ला स्तरमा अन्तरकृया/छलफल/गोष्ठी गर्ने कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न भएका थिए । पार्टी कमिटी भएका पालिकाहरूमा मागपत्र पेश गर्ने, स्मरणपत्र दिने, धर्ना दिने कार्यक्रमहरू सम्पन्न भएका थिए । पार्टी कमिटी नभएका कतिपय पालिका तथा वडाहरूमा हुलाकबाट मागपत्र पठाउने काम समेत भएको उथयो । बजेटको बारेमा संघीय संसद र प्रदेश सभामा बोल्ने आदि कार्यहरू देशव्यापी रूपमा सम्पन्न भएका थिए । ठाउँ ठाउँमा पर्चा छर्ने कार्य गरिएको थियो ।

प्रदेश र जिल्लाहरूमा आन्दोलनका सबै कार्यक्रम भएका थिए । आन्दोलनको अवधिमा पार्टी कमिटीहरूका गतिविधि बढेका थिए । पार्टी नेता तथा कार्यकर्ताहरूको सकृयता बढेको थियो र पार्टी सङ्गठनमा रक्तसञ्चार भएको थियो । यस अवधिमा प्रदेश, जिल्ला र पालिका अधिवेशनहरू पनि भएका थिए । हाम्रो पार्टी कमिटी नभएका कतिपय पालिका र वडाहरूमा भने हाम्रो कार्यक्रम हुन सकेन, तथापि हाम्रो सन्देश सबैतर्फ प्रवाह भएको थियो ।

## हाम्रो विद्रोह र पार्टी पुनर्गठनको औचित्य :

कतिपय कमरेडहरूले हाम्रो विद्रोह र पार्टी पुनर्गठनको औचित्य पुष्टि नभएको कुरा गर्नुहुन्छ । बेला बखतमा उद्ने गरेको यस विषयमा पटक पटक स्पष्ट पारिएको छ ।

पार्टीको दशौं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा समेत यस विषयमा स्पष्ट पारिएको छ। तथापि कुरा उठ्न नछाडेको हुनाले फेरि पनि स्पष्ट गरौं। कुनै पनि कार्यको औचित्य भनेको उक्त कार्य गर्नु उचित थियो कि थिएन भन्ने हो, उक्त कार्यका उचित कारण थिए कि थिएनन् भन्ने हो। हाम्रो विद्रोह अनुचित थिएन, उचित थियो। विद्रोह गर्नुका कारणहरू उचित थिए र विद्रोह गर्नु अत्यावश्यक थियो।

हामीले विद्रोह पार्टीभित्रको आन्तरिक अन्तर्विरोध र वैचारिक सङ्घर्षका कारणले मात्र गरेका होइनौं। पार्टीको नवौं राष्ट्रिय महाधिवेशनबाट पार्टी अध्यक्षमा निर्वाचित केपी ओलीले पार्टी महाधिवेशनबाट पारित गरिएको क्रान्तिकारी कार्यदिशा कार्यान्वयन नगर्नुका साथै पार्टीलाई दक्षिणपन्थी अवसरवादको दलदलतर्फ धकेल्दै लगेपछि पार्टीभित्र गम्भीर मतभेद उत्पन्न भएका थिए र हामीले बारम्बार फरकमत राख्दै वैचारिक सङ्घर्ष चलाएका थियौं। फरक मत राख्नेहरूप्रति प्रतिशोधपूर्ण व्यवहार गरिएको थियो र हामीले प्रतिवाद गर्नु परेको थियो, जुन काम केपी ओलीले अहिले पनि गरिरहेकै छन्। विद्रोहको पृष्ठभूमिमा हाम्रो यो वैचारिक सङ्घर्ष र प्रतिवाद पनि थियो तापनि हामीले खुल्ला रुपमा विद्रोह तव गर्‍यौं जव पार्टी अध्यक्ष र प्रधानमन्त्री समेत रहेका केपी ओलीले २०७७ पौष ५ मा असंवैधानिक ढङ्गले प्रतिनिधिसभा विघटन गरी मुलुकलाई प्रतिगमनतर्फ धकेल्ने काम गरे। हामी प्रतिनिधिसभा विघटनको विरुद्ध उभियौं। सर्वोच्च अदालतको २०७७ फागुन ११ गतेको प्रतिनिधि सभा पुनर्स्थापना गर्ने फैसला र २०७७ फागुन २३ गतेको पार्टी एकता खारेज गर्ने फैसलापछि केपी ओलीले २०७७ फागुन २८ मा 'केन्द्रीय कमिटीको विशेष बैठक' भन्ने नाम दिएर पार्टीभित्रको आफ्नो गुटको मात्र बैठक गरी नवौं महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरूको पद खारेज गर्ने, पार्टी सदस्य नै नरहेका व्यक्तिहरूलाई केन्द्रीय कमिटीमा राख्ने, आफ्नो इच्छा अनुसारको संख्याको केन्द्रीय कमिटी बनाउने जस्ता निर्णय गरी नेकपा (एमाले) लाई विभाजनको दिशामा धकेलिपछि हामी त्यसको विरुद्धमा उभियौं र २०७७ चैत ४-५ मा राष्ट्रिय कार्यकर्ता भेला गरेर गम्भीर एवम् गहन छलफल गरी केपी ओलीका दक्षिणपन्थी अवसरवादी विचार र लोकतन्त्र विरोधी एवं प्रतिगमनकारी कार्यको भण्डाफोर गर्‍यौं। त्यसै भेलाबाट देशव्यापी रूपमा समानान्तर सङ्गठन निर्माण गर्ने निर्णय गर्‍यौं। दुई महिने कार्ययोजना बनायौं र उक्त कार्ययोजना कार्यान्वयन गर्नका निम्ति कार्यविभाजन समेत गर्‍यौं। सबै प्रदेशमा प्रदेश कमिटी तथा भूगोलमा ७१ जिल्ला कमिटी र चारओटा विशेष जिल्ला कमिटीहरू गठन गर्‍यौं। साथै महिला, मजदुर, युवा, विद्यार्थी, खेलकुद, उत्पीडित जातीय सङ्गठन लगायत जनसङ्गठनहरूका



राष्ट्रिय भेलाको आयोजना गरी केन्द्रीय कमिटीहरू गठन गर्‍यौं। यसरी समानान्तर सङ्गठन निर्माण गर्ने निर्णय गरेर कार्यान्वयन गर्नु हाम्रो विद्रोहको पहिलो कदम थियो।

२०७८ बैशाख २७ गते केपी ओलीले प्रतिनिधि सभामा विश्वासको मत माग्दा हामीले उनलाई मत दिएनौं। दलको ह्वीप उलङ्घन गर्‍यौं। हामीले संविधानलगायत क्रान्तिका उपलब्धीहरूको रक्षा गर्ने उद्देश्यले उक्त कदम चालेका थियौं। त्यो हाम्रो विद्रोहको दोस्रो कदम थियो। ओलीले २०७७ जेठ ७ मा दोस्रो पटक प्रतिनिधि सभाको विघटन गरेपछि हामीले त्यस प्रतिगामी कदमका विरुद्ध सर्वोच्च अदालतमा रिट हाल्यौं र स्वयम् उपस्थित भएर सनाखत गर्‍यौं। त्यो हाम्रो विद्रोहको तेस्रो कदम थियो। हामीले रिटमा प्रतिनिधि सभाको पुनःस्थापना गरी माननीय श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्ति गर्न परमादेशको माग समेत गरेका थियौं। सर्वोच्च अदालतले रिटमा माग गरिए अनुसार नै प्रतिनिधि सभाको पुनःस्थापना गरी शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गर्‍यो। हामीले प्रतिनिधि सभालाई बचाएर संविधान र लोकतन्त्रको रक्षा गर्ने उद्देश्यले उपर्युक्त सबै काम गरेको हुँदा प्रतिनिधि सभा बचाउनका निम्ति प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिनुपर्‍यो र दियौं। त्यसैले हाम्रो विद्रोह नेपाली जनताले कठोर संघर्ष गरेर ल्याएको लोकतन्त्रको रक्षार्थ गरिएको जायज विद्रोह थियो। त्यो विद्रोह आवश्यक र औचित्यपूर्ण थियो।

हामीले २०७८ भदौ २ मा निर्वाचन आयोगमा छुट्टै पार्टी दर्ता गर्न निवेदन दिनु र भदौ ९ मा पार्टी दर्ताको प्रमाण पत्र लिनु विद्रोह गरेर निर्माण गरिएको सङ्गठन र विद्रोहका दौरान गरिएका सबै कार्यहरूलाई वैधानिकता प्रदान गर्ने कदम मात्र थियो। त्यो विद्रोहको अन्तिम कदम थियो। हामीले प्रतिनिधि सभालाई बचाएर संविधान र लोकतन्त्रको रक्षा गर्ने जुन उद्देश्यले विद्रोह गरेका थियौं त्यो उद्देश्य पूरा भएको हुनाले विद्रोहको औचित्य पुष्टि भैसकेको छ।

हामीले विद्रोह गर्दा नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने अठोटसमेत गरेका थियौं। यसो गर्नु पनि आवश्यक र औचित्यपूर्ण नै थियो। यो काम पूरा भएको छैन। यो तुरुन्तै पूरा भैहाल्ने काम पनि होइन। त्यसका लागि लामो समयसम्म कठोर मिहेनत गर्नुपर्ने हुन्छ। हाम्रो प्रयास निरन्तर जारी छ। हामीले समाजवादी कार्यक्रम र कार्यदिशा अँगालेर वैचारिक पुनर्गठन कार्य सम्पन्न गरेका छौं भने साङ्गठनिक पुनर्गठन कार्य अझै जारी छ। अहिले हामीले जुन खालका मार्ग दर्शक सिद्धान्त, कार्यक्रम, कार्यदिशा र रणनीतिक लक्ष्य अँगालेर अगाडि बढिरहेका छौं त्यसमा दृढतापूर्वक लागिरहदा यो

कार्य पनि पूरा हुन सक्छ। यसरी एमालेले अँगालेकोभन्दा फरक क्रान्तिकारी रणनीति, कार्यक्रम र कार्यदिशा अँगाल्ने कार्यबाट पनि हाम्रो विद्रोह औचित्यपूर्ण थियो भन्ने पुष्टि भएको छ।

विद्रोहको औचित्यका सम्बन्धमा विगतमा धेरै पटक छलफल भएको छ र केन्द्रीय कमिटीका बिभिन्न बैठकबाट र पछिल्लो पटक दशौं महाधिवेशनबाट समेत हाम्रो विद्रोह आवश्यक र औचित्यपूर्ण थियो भन्ने निष्कर्ष सर्वसम्मतिले निकालेका छौं। महाधिवेशनबाट समेत सर्वसम्मतिले निकालिएको उपर्युक्त निष्कर्ष हाम्रो सर्वसम्मत निष्कर्ष भएकाले त्यसमा फेरि प्रश्न उठाइरहनु आफैमा गलत कुरा हो। महाधिवेशनबाट सर्वसम्मतिले टुङ्ग्याइएको विषयमा फेरि कुरा उठाउनु भनेको महाधिवेशनका निर्णयको उलङ्घन गर्नु हो, महाधिवेशनको अवज्ञा गर्नु हो। महाधिवेशनका निर्णयको उलङ्घन गर्नु भनेको पार्टी विधानको धारा १२० को खण्ड (ग) मा उल्लेख भए बमोजिम पार्टी अनुशासनको उलङ्घन गर्नु हो।

**पार्टी अनुशासनको पालना :**

कम्युनिष्ट पार्टी अनुशासित र कर्तव्यपरायण नेता तथा कार्यकर्ताहरूको सङ्गठन हो। यसमा अनुशासनहिन र अराजक प्रवृत्तिलाई छुट दिन सकिदैन। पार्टीको पक्षपोषण नगर्ने, पार्टी निर्णयको उलङ्घन गर्ने, सार्वजनिक रूपमा पार्टी निर्णयभन्दा फरक ढङ्गले बोल्ने, पार्टीमा निराशा फैलाउने गरी अभिव्यक्ति दिने, पार्टी निर्णयको उपहास गर्दै बोल्ने र लेख्ने, पार्टी नीति र नेतृत्वको बदख्वाई गर्ने जस्ता कार्यहरू पार्टी विरोधी कार्य हुन्। कुनै पनि अनुशासित र कर्तव्यपरायण कम्युनिष्ट नेता वा कार्यकर्ताले यस्ता पार्टी विरोधी कार्यहरू गर्नै सक्तैन। त्यसैले यस प्रकारका कार्यहरू कहीं, कतै र कसैबाट हुन्छ भने अनुशासनात्मक कार्बाहीको विषय बन्दछ।

अनुशासनहीन, अराजक र निराश जमातले कहिल्यै पनि पार्टीको विकास र विस्तारमा सकारात्मक भूमिका खेल्न सक्दैन। त्यसो भएको हुनाले अनुशासनहीन, अराजक र निराशावादी प्रवृत्तिका विरुद्ध दृढतापूर्वक जुध्नु र त्यसमाथि नियन्त्रण गर्ने काम गर्नु अत्यावश्यक हुन्छ। पार्टी अनुशासन र आचार संहिताको पालना कडाइका साथ हुनुपर्दछ। पार्टी र पार्टी सम्बद्ध जनसङ्गठनका हरेक कमिटीले आफु तथा आफु मातहतका कमिटी र व्यक्तिलाई पार्टी अनुशासनको पालना गर्न, गराउन लगाउनु पर्दछ। पार्टी अनुशासनको पालना नगर्ने कुनै पनि कमिटी वा व्यक्तिलाई अनुशासनात्मक



कार्बाहीको दायरामा ल्याउनु पर्दछ। यसको निम्ति पार्टीको केन्द्रीय अनुशासन आयोग, अनुगमन विभाग तथा संगठन विभागको विशेष ध्यान जाने तथा कारवाही प्रकृया समेत अगाडी बढाउने काममा अग्रसरता लिनु पर्दछ।

**समाजवादी मोर्चा र वाम एकता :**

हामीले पार्टी पुनर्गठन गर्दा कायम गरिएको केन्द्रीय कमिटीको प्रथम बैठकबाट नै "वामपन्थी शक्तिहरूबिच सहकार्यको भावना विकास गर्नु र मोर्चा बनाएर काम गर्दै गई पार्टी एकताका आधारहरू निर्माण गर्नु पनि आजको एउटा महत्वपूर्ण राजनीतिक कार्यभार हो" भन्ने प्रस्ताव पारित गरेका थियौं। (राजनीतिक प्रस्ताव, २०७८ पृ.१६)। हाम्रो यही घोषित नीति अनुसार नै हामीले अहिलेको समाजवादी मोर्चा निर्माणमा जोड गरेका हौं र त्यसमा संलग्न रहेर काम गर्दै आएका हौं। समाजवादी मोर्चा मार्फत गरिएका काम पर्याप्त नहुन सक्छन् तर यसले कतिपय अत्यन्त महत्वपूर्ण काम गरेको छ। उदाहरणको लागि २०८१ चैत १५ गते भृकुटी मण्डपमा आयोजित प्रतिगमन विरोधी जन प्रदर्शनलाई लिन सकिन्छ। तसर्थ यस प्रकारको मोर्चाको महत्व छ भन्ने कुरा बिर्सनु हुँदैन।

वाम एकताको सम्बन्धमा पनि हामीले सुरुदेखि नै क्रान्तिकारी कम्युनिष्टहरू, खासगरी समाजवादी कार्यदिशा र कार्यक्रम अँगालेका कम्युनिष्ट घटकहरूबिच एकता हुनुपर्ने कुरामा जोड दिदै आएका छौं। कम्युनिष्ट एकता आजको आवश्यकता हो। किनभने समाजवादी क्रान्ति सम्पन्न गर्नका निम्ति एउटा बलियो क्रान्तिकारी शक्तिको अवश्यकता पर्दछ र त्यो बलियो क्रान्तिकारी शक्तिको निर्माण यहाँका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुबिचको एकताबाट नै हुन सक्तछ। तथापि स्पष्ट आधार निर्माण नभइकन पार्टी एकता हुन सक्तैन। पार्टी एकता हुनका लागि सबभन्दा पहिले पार्टीको नाम, मार्गदर्शक सिद्धान्त, सङ्गठनात्मक सिद्धान्त, रणनीतिक लक्ष्य, क्रान्तिको कार्यक्रम, कार्यदिशा र कार्यनीति जस्ता मूलभूत विषयमा एकरूपता हुनु पर्दछ। त्यसको साथै सङ्गठनात्मक संरचना र कार्य प्रणाली कस्तो हुने हो भन्ने विषय पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ। यी महत्वपूर्ण सवालमा समानता नभइकन कसैसँग पनि पार्टी एकता हुन सक्तैन। यी सबै विषयमा समानता भयो र सहमति पनि निर्माण भयो भने एकता गर्न नहुने कुरा मात्र होइन एकता सम्पन्न गर्न ढिलाई गर्नु हुदैन। त्यसैले हामीले समान विचार, सिद्धान्त, कार्यक्रम, कार्यदिशा र रणनीतिक लक्ष्य अँगालेका कम्युनिष्ट समूहसँग एकता गर्ने नीति लिएका छौं।

पार्टीको दशौं महाधिवेशनबाट पारित गरिएका दस्तावेजहरुमा नै हाम्रो धारणा स्पष्ट छ कि पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (......) नै हुनुपर्दछ, नेपाली क्रान्तिको जनवादी चरण पूरा भएको र मुलुक समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको मान्नु पर्दछ, आम नेपाली जनता र दलाल नोकरशाही पूजीपति वर्गबिचको अन्तर्विरोधलाई वर्तमान नेपाली समाजको प्रधान अन्तर्विरोध मान्नु पर्दछ, पार्टी र क्रान्तिको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद मात्रै हुनुपर्दछ, पार्टीको सङ्गनात्मक सिद्धान्त लेनिनवादी सङ्गठनात्मक सिद्धान्त नै हुनुपर्दछ, पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हुनुपर्दछ, समाजवादी कार्यदिशा अँगाल्नु पर्दछ, नेपाली विशेषताको समाजवादी कार्यक्रम अङ्गीकार गर्नुपर्दछ र साम्राज्यवाद, प्रभूत्ववाद तथा नवउपनिवेशवादको विरोध गर्दै राष्ट्रको विकास, राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता, समानता र आम जनताका हक अधिकारको पक्षमा दृढतापूर्वक खडा हुने र सङ्घर्ष गर्ने प्रतिबद्धता हुनुपर्दछ। यी अवधारणा छाडेर कसैसँग पनि पार्टी एकता हुन सक्तैन, गरिदैन। यदि यी सबै कुरामा समान धारणा राख्ने कुनै कम्युनिष्ट घटकसँग एकताको सम्भावना भएमा हामी नकारात्मक हुन पनि हुँदैन। यिनै सैद्धान्तिक अवधारणाका आधारमा पार्टी एकता गर्न सकिन्छ भने त्यसका लागि हामीले नै पहल गर्नु पर्दछ। त्यो जिम्मेवारी वहन गन{ हामी सदैव तत्पर रहनु पर्दछ।

**जेन्जी आन्दोलन र हाम्रो दृष्टिकोण :**

जेन्जी पुस्ताले २०८२ भदौ २३ मा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तथा भ्रष्टाचार र कुशासनको विरोधमा शान्तिपूर्ण विरोध प्रदर्शनको आयोजना गरेको थियो। त्यस प्रदर्शनमा तत्कालीन सरकारले बर्बर दमन गऱ्यो। अन्दाधुन्ध चलाइएका गोली लागेर १९ जना निहत्था व्यक्तिहरुको ज्यान गयो। त्यस क्रुर दमनले जेन्जीहरुमा झन बढी आक्रोस पैदा गऱ्यो भने विभिन्न खाले देशी विदेशी प्रतिकृयावादी एवम् प्रतिगमनकारी तत्वहरूलाई उत्तेजना फैलाउने र विध्वंस मच्चाउने मौका प्रदान गऱ्यो। आफ्नो निहित स्वार्थसिद्ध गर्न चाहने तत्वहरूले जेन्जीको प्रदर्शनभित्र घुसेर भदौ २४ मा हाम्रो देशका ऐतिहासिक धरोहरहरू सिंहदरबार, संसद भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालत, अन्य अदालतहरू, संघीय सरकारका मन्त्रालयहरू, मन्त्री निवास, प्रदेश सभा र प्रदेश सरकारका कार्यालयहरू, मुख्यमन्त्री र प्रदेश प्रमुखका निवास, स्थानीय तहका कार्यालयहरू, प्रहरी चौकीहरू, अन्य विभिन्न सरकारी कार्यालयहरू, व्यवसायिक प्रतिष्ठानहरू, सञ्चार गृहहरू, राजनीतिक दलका कार्यालयहरू र पार्टीका नेता तथा



कार्यकर्तालगायत विभिन्न व्यक्तिका नीजि घरहरूमा तोडफोड, लुटपाट र आगजनी गरी विध्वंस मच्चाए। अहिलेसम्म प्राप्त तथ्याङ्क अनुसार उक्त आन्दोलनको क्रममा २२२० पटक फायरिङ भएको छ। ३२२३ थान अश्रु ग्याँस प्रहार भएको छ। २२ जना प्रदर्शकारी, ३ जना प्रहरी, १० जना कैदी बन्दी र ४१ जना अन्य गरी जम्मा ७६ जनाको ज्यान गएको छ र ४००० भन्दा बढी व्यक्ति घाइते भएका छन्। ६४८ सरकारी कार्यालय, ४८७ प्रहरी भवन, २९५ निजी घर, १९८ राजनीतिक दलका कार्यालय र १२८ व्यापारिक प्रतिष्ठान गरी जम्मा १७५६ भवन जलाइएका छन्। १०२६ चारपाङ्ग्रे र १९८३ दुई पाङ्ग्रे गरी जम्मा ३००९ सवारी साधन जलाइएका छन्। १२४७ हतियार र ९८४९१ थान गोली लुटिएका छन्। १४५४९ जना कैदी बँन्दी भागेका छन्। लुटिएका हतियार र गोली तथा भागेका कैदी बन्दीमध्ये केही मात्र फिर्ता भएका छन्। अदालतमा रहेका २१ हजार मुद्दाका फाइल जलाइएको छ। मूल्यको हिसावले चार खर्बभन्दा बढीको क्षति भएको छ। आर्थिक व्यवस्थापकीय हिसावले कुल ग्राहस्थ्य उत्पादनको ५ प्रतिशतभन्दा बढी क्षति भएको छ। यति धेरै क्षति हुने गरी विध्वंस मच्चिदा मुलुकको शान्ति सुरक्षासमेत अस्तव्यस्त भयो। समाजमा असुरक्षा पैदा भयो। हाम्रो राष्ट्रिय सार्वभौमिकता र स्वाभिमानमा आँच पुऱ्याउने खालका गतिविधि समेत भए। अहिले पनि स्थिति सामान्य बन्न सकेको छैन। हाम्रो देशमा यस प्रकारको विध्वंस कहिल्यै पनि भएको थिएन। विगतमा ठूलाठूला क्रान्ति हुँदा कहिल्यै पनि यसरी देशका ऐतिहासिक धरोहरहरू र सार्वजनिक तथा निजी संरचना ध्वंस गर्ने काम भएको थिएन। अहिले यस्तो कसले किन गऱ्यो भन्ने प्रष्ट हुन सकेको छैन। अनेक प्रकारका आसङ्का विद्यमान छन्। भदौ २३ गते निहत्था प्रदर्शनकारीमाथि गोली चलाउने र भदौ २४ गते ऐतिहासिक धरोहरहरू र सार्वजनिक तथा निजी संरचनाहरु ध्वंस गर्ने यी दुबै गम्भीर आपराधिक कार्य हुन्। यी दुवैको गहिरो छानविन गरी यथार्थ पत्ता लगाउनु पर्दछ र दोषीमाथि कडाभन्दा कडा कारबाही हुनु पर्दछ।

अहिलेको परिस्थिति उत्पन्न हुनुको मुख्य कारण देशमा आएको राजनीतिक परिवर्तन अनुरूप आर्थिक-सामाजिक रूपान्तरण हुन नसक्नु हो भने समाजमा व्याप्त विभेद, असमानता, अन्याय, अत्याचार, भ्रष्टाचार, कुशासन, बेरोजगारी, आर्थिक संकट, र राजनीतिक अस्थिरता थप कारण हुन्। तात्कालिक कारण केपी ओली सरकारले सामाजिक सञ्जालमा प्रतिवन्ध लगाउनु हो। राजनीतिक परिवर्तनपश्चात त्यसको व्यवस्थापनसहित आर्थिक एवम् सामाजिक परिवर्तनको स्पष्ट मार्गचित्र बनाई अघि बढ्न नसक्दा जनतामा उत्पन्न चरम निराशा, आक्रोश, बेरोजगारी तथा युवा पलायन जस्ता बिषयले हालको परिस्थिति उत्पन्न भएको यथार्थलाई हामीले स्वीकार्नु पर्दछ।

अहिलेको परिस्थिति ल्याउनमा मुख्य जिम्मेवार २०७४ को आम निर्वाचनपश्चात् बनेको सरकारका प्रधान मन्त्री केपी शर्मा ओली हुन् किनभने करिव दुईतिहाइ बहुमतको त्यस एक्ल सरकारले मुलुकको आर्थिक-सामाजिक रूपान्तरण गर्ने गुरुयोजनाहरू बनाएर तीव्र गतिका साथ विकास निर्माणका काम गर्नुपर्थ्यो तर गरेन। त्यस सरकारले वि.स २०५१ मा मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारले गरेजति जनपक्षीय काम पनि गरेन। पार्टीको नीति र निर्देशनमा सरकार चलाउनु पर्‍यो भन्दा नमानेर ओलीले प्रतिनिधि सभा विघटन गर्ने जस्तो प्रतिगामी कदम चाले। त्यसै विन्दुबाट मुलुक आन्तरिक विवाद, पार्टी विभाजन र राजनीतिक अस्थिरताको दिशामा गयो।

वि.स २०७९ को आम निर्वाचनबाट प्रतिनिधि सभामा कुनै पनि दलको बहुमत नआएपछि एकातर्फ गठबन्धन सरकार बनाउने र भत्काउने खेल चलिरह्यो भने अर्कोतर्फ भ्रष्टाचार, कुशासन, वेरोजगारी र बेथिति झनै बढेर गयो। त्यसले गर्दा आम जनतामा निराशा र चरम असन्तुष्टि उत्पन्न भयो। सरकारको नेतृत्व गरेकाहरूबाट समस्याको समाधान गर्न पहल गर्ने र असन्तुष्टिहरूको संवोधन गर्नेतर्फ नलागी उल्टै सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने जस्तो सर्वथा गलत काम भयो। कानून बनाएर नियमन गर्नेतर्फ नलागी आदेशद्वारा सामाजिक सञ्जाल बन्द गर्दा जेन्जी पुस्तामा आक्रोस पैदाभयो। आक्रोस पोख्न शान्तिपूर्ण विरोध प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीहरूमाथि बर्बर दमन गरिएकाले परिस्थिति जटिल बन्न गयो। देशी विदेशी प्रतिकृयावादी शक्तिहरूले घुसपैठ गरेर भदौ २४ गतेको विध्वंस मच्चाए। जेन्जी पुस्ताले यस खालको राष्ट्रिय सम्पत्ती र धरोहर नै ध्वस्त पार्ने काम गर्ने सक्तैनन्। यस्ता निकृष्ट कुकृत्य त निहित स्वार्थ बोकेका कुतत्वहरूले मात्र गर्न सक्तछन्। अतः त्यस्ता कुतत्वको पहिचान गरी दण्डित गर्नेतर्फ सरकार विशेष अग्रसर हुन जरुरी छ।

जेन्जी पुस्ताले उठाएका भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा गर्ने माग जायज थिए। भ्रष्टाचार नियन्त्रण, सुशासन र रोजगारीका मागहरू हामीले २०८१असोज १४-२९ मा सञ्चालित मेची महाकाली अभियानदेखि नै उठाएका, 'सुशासन र रोजगारी समाजवादको तयारी' भन्ने नाराका साथ आन्दोलन गर्दा पनि उठाएका र सरकारलाई दिइएको ज्ञापनपत्रमा समेत समावेश गरिएका माग हुन्। यी मागहरूलाई सकारात्मक ढङ्गले संवोधन गर्नुपर्थ्यो। हामीले २०८२ भदौ २३ गते नै पार्टी सचिवालयको नवौं बैठकबाट औपचारिक निर्णय गरी जेन्जी पुस्ताका जायज मागहरू संवोधन गर्नुपर्छ र उनीहरूमाथि कुनै प्रकारको दमन हुनुहुँदैन भन्ने धारणा सार्वजनिक गरेका थियौं। भदौ २४ गते विहानै हाम्रो पार्टीसहित प्रतिपक्षी दलहरूको



बैठक बसी भदौ २३ गते निहत्था युवाहरूमाथि गरिएको दमन र ज्यादतीको निन्दा तथा भर्त्सना गर्दै प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने र घाइतेहरूको उचित उपचारको प्रवन्ध गर्नुपर्ने तथा उच्च स्तरीय न्यायिक छानविन समिति गठन गरी उक्त घटनाका दोषीहरूमाथि कारवाही गर्नुपर्ने माग समेत गरिएको थियो। सरकार कुनै पनि कुरा नसुनी दमनमा उत्रियो। सत्ताधारी दलका नेताहरूको दम्भ र अहंकारले गर्दा मुलुकले ठूलो क्षति व्यहोर्नु पर्‍यो।

हामीले सुशासन र रोजगारी, समाजवादको तयारी भन्ने नारासहित अघि सारेका दश मागहरूमध्ये सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको सम्पत्ति छानवीन गर्न शक्तिशाली आयोग गठन गर्ने, युवालाई रोजगारी प्रदान गर्ने, सुशासन कायम गर्ने, विदेश जानुपर्ने वाध्यता रोक्ने, कृषि, शिक्षा, स्वास्थ्यका क्षेत्रमा अर्थपूर्ण सुधार गर्ने, सामाजिक सुरक्षा प्रदान गर्ने, विभेदको अन्त्य गर्ने, संविधानको पुनरावलोकनको लागि राष्ट्रिय सम्मेलन गर्नेलगायतका मागहरू अहिले जेन्जी पुस्ताले उठाएका मागहरूसँग मिल्दाजुल्दा छन्। यी विषयहरूका सन्दर्भमा हामीले आफ्नो तर्फबाट प्रयास गरेका थियौं भने जेन्जीका यी मागहरूप्रति सुरुकै दिनमा हामीले समर्थन तथा ऐक्यवद्धता पनि जनाएका थियौं।

जेन्जी पुस्ताले उपर्युक्त माग राखेर आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि दमन गर्नुपर्ने कुनै आवश्यकता थिएन। सरकारले दमन गर्‍यो। घुसपैठियाहरूले उत्तेजना एवम् अराजकता फैलाउने, हिंसा भड्काउने, लुटपाट गर्ने र विध्वंस मच्चाउने काम गरे। प्रहरीले शान्ति सुरक्षा कायम गर्न सकेन। सेना परिचालित भएन। भदौ २४ गतेको राती दश बजेदेखि मात्र सेनाले सुरक्षाको कमान समाल्यो। त्यसपछि संविधान खारेजीदेखि लिएर सेनासँग वार्ता गर्ने तर बटमलाइन संसदको विघटन हुनुपर्ने भन्नेलगायत अनेक खेलहरू भए।

भदौ २४ गते राती नै राष्ट्रपति र सेनापतिद्वारा वार्ताको लागि आह्वान गरियो। भदौ २५ मा अनेकथरी मान्छेहरू सेनासँग वार्ता गर्ने भन्दै सैनिक जङ्गी अड्डा पुगे। भदौ २६ गतेदेखि राष्ट्रपति कार्यालय सितलनिवासमा वार्ताको सिलसिला चल्यो। राष्ट्रपति महोदयले भदौ २६ गते राती प्रधान सेनापति र आफ्ना कानुनी सल्लाहकार समेतलाई साथमा राखेर हाम्रो पार्टी अध्यक्ष क. माधवकुमार नेपाल, माओवादी केन्द्रका अध्यक्ष क. पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत राजनीतिक दलका नेताहरूसहित विभिन्न पक्षसँग छलफल चलाउनु भयो। भदौ २७ गते दिनभर पनि वार्ता चल्यो र अन्ततः पूर्व

प्रधानन्यायाधिस सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरी नवनियुक्त प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन गर्ने र २०८२ फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन गराउने घोषणा गर्नुभयो।

राष्ट्रपतिले पछि जारी गर्नु भएको अपिलमा व्यक्त "देशको अत्यन्त असहज, विषम भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ। संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक प्रणाली कायम रहेको छ। छ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन्। बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैमा सम्हालिदै आगामी फागुन २१ मा हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु" भन्ने भाषाले त्यसबेलाको परिस्थिति कति गम्भीर थियो भन्ने प्रष्ट पार्दछ। परिस्थिति अहिले पनि गम्भीर नै छ।

२०८२ फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन गराउने घोषणा त भएको छ तर घोषित मितिमा निर्वाचन हुने सुनिश्चित वातावरण बनिसकेको छैन। सरकारले निर्वाचनको वातावरण निर्माण गर्न पर्याप्त पहल गरेको छैन। राजनीतिक दलहरूले पनि निर्वाचन केन्द्रित कार्यक्रम अगाडि सारिसकेका छैनन्। परिस्थिति कसरी विकसित हुन्छ भन्ने निश्चित छैन। तथापि हामीले लामो संघर्ष र बलिदान गरेर प्राप्त गरेका उपलब्धीहरूलाई गुम्न दिनु हुँदैन भन्नेमा फेरी पनि हामी सचेत हुनुपर्दछ। हाम्रो राष्ट्रलाई असफल हुने खतराबाट जोगाउनुपर्छ,, जनताको हितलाई सर्वोपरी राखेर संबैधानिक एवम् कानूनसम्मत रूपमै जेन्जी आन्दोलनका मागहरूको संवोधन गर्नु पर्दछ र वर्तमान सङ्कटलाई चिर्नुपर्दछ। निर्धारित समयमा प्रतिनिधि सभाको चुनाव गराई ताजा जनादेशबाट बन्ने संसदबाट वर्तमान संविधानको संशोधन गरेर जेन्जी पुस्ताले उठाएका मागको संवोधन गर्न सकिन्छ। उल्लेखित विषयहरूमा गम्भीरतापूर्वक विमर्स गर्दै अघि बढ्न र जेन्जी पुस्तासहित सबै पक्षसँग सहकार्य गर्न हाम्रो पार्टी सदैव तयार रहेको छ।

जेन्जी पुस्ताको माग वर्तमान संविधानको खारेजी र संसदको विघटन थिएन। उनीहरूको माग लोकतन्त्रको अन्त्य गर्ने नभई लोकतन्त्रलाई अझ बढी जनपक्षीय बनाउने थियो। प्रतिनिधि सभाको विघटन गराउने काम घुसपैठियाहरूले गरे। उनीहरूले यही मौकामा लोकतन्त्रलाई नै समाप्त पार्ने उद्देश्यले संविधान खारेज गराउने र अस्थिरता निम्त्याएर मुलुकलाई असफल राष्ट्र बनाउने षड्यन्त्र गर्दैछन्। यसमा जेन्जी पुस्तासमेत सचेत



हुन जरुरी छ। लोकतन्त्र नै रहेन भने वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र सङ्गठित हुने स्वतन्त्रतालगायत सबै प्रकारका मौलिक हक र नागरिक अधिकार खोसिने छन्। यो निर्विवाद हो कि लोकतन्त्र नभएको राज्यमा भ्रष्टाचार र कुशासन विरुद्धका आन्दोलन गर्न नपाइने मात्र होइन बोल्न समेत नपाइने अवस्था सिर्जना हुन्छ।

**अहिलेका चुनौति र हाम्रो दायित्व :**

अहिले हाम्रो मुलुक एक प्रकारको संक्रमणकालीन अवस्थामा छ। लोकतन्त्र र कम्युनिष्ट आन्दोलन मात्रै खतरामा परेको छैन, हाम्रो राष्ट्रिय स्वाधिनतामाथि पनि खतरा बढेको छ। राष्ट्रिय सार्वभौमिकतामाथिको खतरा, सात दशक लामो सङ्घर्षबाट प्राप्त उपलब्धीहरू गुम्नसक्ने खतरा र कम्युनिष्ट आन्दोलनमाथिको खतरा हाम्रो सामु गम्भीर चुनौतिको रूपमा खडा भएका छन्। लोकतन्त्रको पहरेदारका रूपमा रहेका राजनीतिक दलहरूमाथिको प्रहार पनि अर्को चुनौतिको रूपमा रहेको छ। राष्ट्रिय सार्वभौमिकताको रक्षा, आजसम्म प्राप्त उपलब्धीहरूको रक्षा र कम्युनिष्ट आन्दोलनको रक्षाका निम्ति पहल, प्रयत्न गर्नु र आवश्यक पर्दा सङ्घर्ष गर्नु आजको हाम्रो प्रमुख दायित्व बन्न आएको छ। लोकतान्त्रिक मूल्य मान्यता र संरचनाहरूको रक्षा तथा दलहरूको आत्मरक्षाको दायित्व पनि बहन गर्नुपर्ने भएको छ। यही निष्कर्षका साथ हाम्रो पार्टीको केन्द्रीय सचिवालयको गत असोज दुई गते सम्पन्न दशौं बैठकले निम्न निर्णय गरेको थियो :

१. मुलुकको सार्वभौमिकता, संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न संविधान र लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरू आपसमा सहकार्य गर्दै एकजुट भई अगाडि बढ्न हाम्रो पार्टी सबैलाई हार्दिक आह्वान गर्दछ।

२. आज मुलुकमा उत्पन्न विषम परिस्थितिमा वामपन्थी शक्तिहरू गम्भीर हुनु जरुरी छ। यस्तो चुनौतिपूर्ण परिस्थितिमा कम्युनिष्ट आन्दोलन तथा राष्ट्रिय स्वाधिनता र जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा गर्नका लागि सम्पूर्ण कम्युनिष्ट, वामपन्थी तथा समाजवादी शक्ति र पार्टीहरूलाई एकतावद्ध भएर अघि बढ्न हाम्रो पार्टी हार्दिक अपिल गर्दछ। हाम्रो पार्टीले अँगालेका नीति, विचार, सिद्धान्त, कार्यक्रम र कार्यदिशासँग सहमत हुने वामपन्थी, कम्युनिष्ट तथा समाजवादी पार्टी र समूहहरूसँग पार्टी एकता गर्न र अन्य पार्टी र समूहहरूसँग वर्तमान सन्दर्भमा सहकार्य गर्न हाम्रो पार्टीको तर्फबाट पहलकदमी अघिबढाउने निर्णय गर्दछ।

३. आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने घोषणा भएको छ। तोकिएको मितिमा निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सुनिश्चित गर्न, गराउन नेपाल सरकार, राजनीतिक दलहरू, नागरिक समाज र सम्बन्धित सबैमा हाम्रो पार्टी आह्वान गर्दछ।

४. हाम्रो पार्टी विगतका कामको समग्र समिक्षा गरेर निश्कर्ष निकाल्न र भएका गल्ती कमी कमजोरीहरू सच्याउदै व्यापक सुधारको प्रक्रियाका साथ राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र, जनताको हित तथा मुलुकको समृद्धिको पक्षमा अझ दृढतापूर्वक अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै आ-आफ्ना कामहरूको समीक्षा गरेर कमी र समाजको रुपान्तरण कमजोरीहरू सच्याउदै अघि बढ्न नेपालका सबै राजनीतिक पार्टीहरूलाई समेत आह्वान गर्दछ।

**कमरेडहरू,**

हामीले पार्टीको दशौं महाधिवेशन गरेर अगाडि बढेको एक वर्षभन्दा बढी भइसकेको छ। यस अवधिमा तय गरिएका कार्ययोजनाहरूको कार्यान्वयन आंशिक रूपमा मात्रै भएको छ। यतिबेला राष्ट्रिय राजनीति अत्यन्त असहज स्थितिबाट गुज्रिरहेको छ। हाम्रो राष्ट्रियतामाथिको प्रहार बढेर गएको छ। चुनौतिहरू थपिदै गएका छन्। हाम्रो जिम्मेवारी अझ बढी गहन भएको छ। यस्तो अवस्थामा हाम्रो सिङ्गो पार्टी पङ्क्ति एकताबद्ध भएर अगाडि बढ्नुपर्ने आवश्यकता छ। अतः केन्द्रीय सचिवालयको दशौं बैठकका उपरोक्त निर्णयहरु कार्यान्वयन गर्दै अघि बढ्नु नै आजको ठोस परिस्थितिको ठोस जिम्मेवारी वा दायित्व हो। तमाम चुनौतिहरू छन्। चुनौतिलाई चिर्न सकिने सम्भावनाहरू पनि छन्। चुनौतिको सामना गर्दै सम्भावनालाई वास्तविकतामा परिणत गर्न आ-आफ्नो ठाउँमा डटौं। सफलता कहिल्यै पनि असम्भव हुँदैन। धन्यवाद।

**माधवकुमार नेपाल**
अध्यक्ष
**नेकपा (एकीकृत समाजवादी)**
२०८२ कात्तिक १२

## अनुसूची-१

**क. प्रदेश अधिवेशन**

| क्र.स. | प्रदेशको नाम | अधिवेनको मिति | अध्यक्षको नाम | पदाधिकारी सङ्ख्या | कुल सदस्य सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश | २०८१/०७/२६-२७ | ठगेन्द्रप्रकाश पुरी | ७ | १५८ |
| २ | सम्पर्क प्रदेश | २०८१/१०/२१ | तारानाथ दाहाल | ७ | ५७ |
| ३ | उपत्यका प्रदेश | २०८१/१०/२६ | विष्णु लामिछाने | ६ | ४७ |
| ४ | गण्डकी प्रदेश | २०८१/१०/२६-२८ | कृष्ण नेपाली | ७ | १०२ |
| ५ | बागमति प्रदेश | २०८१/११/३-५ | भीम दाहाल | ७ | १७८ |
| ६ | सुदुर प. प्रदेश | २०८१/१२/१७-१८ | लालबहादुर खड्का | ७ | १२५ |
| ७ | कोशी प्रदेश | २०८१/१२/२६-२७ | सरिता थापा खड्का | ७ | १६८ |
| ८ | लुम्बिनी प्रदेश | २०८२/०१/२६-२८ | अब्दुल हुसेन | ९ | १३५ |
| | जम्मा | | | ५७ | ९७० |

**ख. जिल्ला अधिवेशन**

जिल्ला अधिवेशनको संक्षिप्त विवरण निम्नानुसार छ :

| क्र.स. | जिल्लाको नाम | अधिवेनको मिति | अध्यक्षको नाम | पदाधिकारी सङ्ख्या | कुल सदस्य सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | २०७९/१२/०४ | विनोद खनाल | ४ | ८५ |
| २ | सिन्धुली | २०८०/०२/०६ | चित्र लुम्सेली | ८ | ६१ |
| ३ | भक्तपुर | २०८०/०२/२६ | श्याम बस्नेत | ७ | ६५ |
| ४ | दोलखा | २०८०/०८/३० | अशोक दाहाल (का.व) | ५ | ९४ |
| ५ | काभ्रेपलाञ्चोक | २०८०/१२/३-४ | बशुन्धरा हुमागाई | ८ | ११९ |
| ६ | मकवानपुर | २०८१/०१/१५-१६ | ध्रुव भुजेल (का.बा.) | ८ | ९९ |
| ७ | चितवन | २०८१/०१/१९,२० | नरेन्द्र कन्दङ्वा | ८ | ११२ |